गण्डकी प्रदेश सरकार
सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक बिकास कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता -पूर्व)
कावासोती,नेपाल
२०७८

प.सं: २०८१/८२
च.नं

मिति: २०८१-०६-३०

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०६ /३०

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१/०८२ को तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रम कार्यन्वयन गर्न इच्छुक योग्य लक्षित व्यक्ति फर्महरुले तोकिएको ढाँचामा सामाजिक बिकास,युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखराबाट स्वीकृत सम्बन्धित कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड मा उल्लेखित/कार्यालयले तोकेका आवश्यक कागजातहरु संलग्न गरी मिति २०८१/०७ /३० गते भित्र यस कार्यालयमा रीतपुर्वक प्रस्ताव /निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | कार्यक्रम | कार्यक्रमको उद्देश्य | पेश गर्नुपर्ने कागजातहरु | सम्बन्धित मापदण्ड |
|---|---|---|---|---|
| १ | महिला उद्यमशीलता प्रोत्साहन कार्यक्रम | महिला उद्यमी/व्यवसायीलाई पुँजी तथा प्रविधि सहयोग गरि महिला उद्यमशीलताको प्रवर्द्धन गर्नु | १.अनुसूची -६ बमोजिमको ढाँचामा भरिएको व्यावसायिक योजना<br>२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>४.उद्योग /ब्यवसाय दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि<br>५. स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>६.कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि<br>७.आवश्यकता अनुसार ब्याबसायिक इजाजत पत्र<br>८.व्यवसायीक योजना र आवश्यक प्रविधि /औजार /सामाग्री (प्रबिधि सहयोगको लागि छनोट भएको प्रति प्रस्ताव बढीमा १ लाख रुपैयाँ सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।) | सामाजिक बिकास कार्यालयबाट संचालन हुने महिला, बालबालिका र समाजकल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड,२०८१ |
| २ | सीपयुक्त युवाहरुका लागि उद्यमशीलता/ ब्यबसाय सुरुवात सहयोग कार्यक्रम | उत्पादन /प्रशोधन र बजारीकरण को आधुनिकरण का लागि सहयोग गरि सीपयुक्त युवाहरुको उधमशिलता प्रवर्द्धन गर्नु तथा उत्पादन वृद्धि गर्नु | १.अनुसूची -१ बमोजिमको ढाँचामा भरिएको व्यावसायिक योजना<br>२.अनुसूची -३ बमोजिमको ढाँचामा भरिएको स्वघोष्णा पत्र<br>३. संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (पान दर्ता प्रमाणपत्र /घरेलु दर्ता प्रमाणपत्र/ स्थानीय तहमा ब्यबसाय दर्ता प्रमाणपत्र )<br>४. उधमको लागि प्रयोग गरिने जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा लिजमा लियको प्रमाण<br>५. स्थानीय तहको सिफारिस पत्र<br>६. प्रस्तावित उधमको ब्यबसायिक परियोजना प्रस्ताब (मुल्यांकन समितिको सिफारिसमा पति प्रस्ताब बढीमा रु. १ लाख सम्मको उधमशिलता /ब्यबसाय सुरुवात सहयोग रकम उपलब्ध गराउन सकिने ) | सामाजिक बिकास,युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयबाट संचालन हुने युवा तथा खेलकुद सम्बन्धि कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड २०८१ |
| ३. | द्वन्द्व पिडित ,बेपत्ता ,घाइते, अपाङ्ग, सहिद परिवार र बिपन्न महिलाहरु उधम ब्यबसाय तथा रोजगारी प्रवर्द्धनमुलक कार्यक्रम | द्वन्द्व पिडित ,बेपत्ता ,घाइते, अपाङ्ग, सहिद परिवार र बिपन्न महिलाहरु उधम ब्यबसाय तथा रोजगारी प्रबर्द्धनमा सहयोग पुर्याउनु। | १.गत आर्थिक बर्षमा मन्त्रालयमा अनुदान रकम सहयोग नपाएका लक्षित बर्ग (द्वन्द्व पिडित ,बेपत्ता ,घाइते, अपाङ्ग, सहिद परिवार र बिपन्न महिलाहरु ) को अनुसूची -१ बमोजिमको ढाँचामा भरिएको व्यावसायिक योजना सहितको क्लष्टर अनुसारको निबेदन<br>२.लक्षित बर्गको परिचय खुल्ने कागजात/प्रमाण<br>३. स्थानीय तहको सिफारिस पत्र<br>४. उद्योग /ब्यवसाय दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि<br>५. स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>६. आवश्यकता अनुसार ब्याबसायिक इजाजत पत्र<br>७. रोजगारी दिएको संख्या र रोजगार प्राप्त महिलाको संख्या खुल्ने बिबरण<br>८. उधोग संचालन कार्यानुभव खुल्ने प्रमाण/बिबरण एकाघर परिवारबाट एक जनालाइ मात्र छनौट समितिको सिफारिसमा बिउ पुंजी/प्रबिधि हस्तान्तरणको लागि छनौट भएको प्रति प्रस्तावलाइ बढीमा रु. १ लाख रुपैयाँ सम्म उपलब्ध | सामाजिक बिकास कार्यालयबाट संचालन हुने महिला, बालबालिका र समाजकल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड,२०८१ |

कृष्ण प्रसाद पौडेल
कार्यालय प्रमुख

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिका
दर्ता नं. ४६८
दर्ता मिति : 2081/06/08

गण्डकी प्रदेश सरकार
सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय
# सामाजिक बिकास कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता -पूर्व)
कावासोती,नेपाल
२०७८

प.सं: २०८१/८२
च.नं

मितिः २०८१-०६-३०

| | | | | |
|---|---|---|---|---|
| ४. | जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई संचालन अनुदान | दिवा सेवा केन्द्रहरुलाई संचालन मार्फत जेष्ठ नागरिकहरु को दैनिक जीवनयापनमा सहजता ल्याउन सहयोग पुर्याउनु। | १.अनुसूची -१ बमोजिमको ढाँचामा कार्यक्रम प्रस्ताव<br>२. संस्था दर्ता /स्थानीय तहमा सुची प्रमाणपत्र<br>३. संस्थाको बिधान , नबिकरण तथा कर चुक्ता खुल्ने कागजात<br>४. दिवा सेवा केन्द्र संचालनको लागि निर्माण भएको भवनको फोटो तथा जग्गाको लालपुर्जा /भोगाधिकारपत्र /घरभाडाको सम्झौता पत्र सम्बन्धी कागजात<br>५. सस्थाकोकार्यानुभव सम्बन्धी विवरण /कागजात<br>६. लागत अनुमान<br>७. सम्बन्धित संस्था /समितिको निर्णय<br>५. स्थानीय तहको सिफारिस पत्र<br>नोट : गत आ.ब. मा सोहि बमोजिमको कार्यक्रम प्राप्त नगरेका संस्थाहरुलाइ प्राथमिकतामा राखिने छ। प्राप्त प्रस्तावबहरुको संख्या र माग समेतका आधारमा मुल्यांकन समितिको सिफारिसमा विनियोजित बजेटको सिमाभित्र रही अनुदान रकम निर्धारण गरिने छ। | सामाजिक बिकास कार्यालयबाट संचालन हुने महिला, बालबालिका र समाजकल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड,२०८१ |
| ५ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि उधम ब्यबसाय संचालन तथा प्रबर्द्धन कार्यक्रम | पुंजी र प्रबिधि सहयोग गरि लैगिक तथा यौनिक अल्पसंख्यकहरुको उधमशिलता प्रबर्द्धन तथा आर्थिक सशक्तिकरण मा टेवा पुर्याउने। | १.अनुसूची -८ बमोजिमको ढाँचामा भरिएको व्यावसायिक योजना<br>२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>४.उद्योग /ब्यबसाय दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि<br>५. स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>६.कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि<br>७.आवश्यकता अनुसार ब्याबसायिक इजाजत पत्र<br>८.व्यवसायीक योजना र आवश्यक प्रविधि /औजार /सामाग्री<br>नोट : विनियोजित बजेटको परिधिभित्र रही प्राप्त प्रस्तावबहरुको आधारमा मुल्यांकन तथा छनौट समितिको सिफारिसमा पुंजी र प्रबिधिला लागि उपलब्ध गराइने सहयोग रकम निर्धारण गरिनेछ। | सामाजिक बिकास कार्यालयबाट संचालन हुने महिला, बालबालिका र समाजकल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यन्वयन मापदण्ड,२०८१ |

**पुनश्च:**
१.व्यवसायीक योजना /प्रस्तावको ढाँचा (अनुसूचीहरु)उपलब्ध गराइएको हुँदा उपलब्ध ढाँचामा उल्लिखित बिषय नछुटाई अन्य आवश्यक बिषय संलग्न गरी प्रस्ताव/निवेदन पेश गर्नुहुन अनुरोध छ।
२. प्रस्ताव/निवेदनहरुको सक्कलै प्रति कार्यालयमा पेश गर्नुपर्नेछ ।
३. गत आ.ब.मा सम्बन्धित कार्यक्रम बाट सुविधा नलिएका प्रस्ताव/निवेदनहरूलाई प्राथमिकता दिइनेछ।
४. प्रस्ताव/निवेदन पेश गर्ने लक्षित वर्ग /समुदाय ,निवेदन /प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात ,उपलब्ध हुने सहयोग /सुविधा ,प्रस्ताव मूल्यांकनका आधार ,कार्यक्रम कार्यन्वयन र भुक्तानी सम्बन्धी प्रक्रिया स्वीकृत मापदण्ड तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ। प्रस्ताव/निवेदनको ढाँचा,मूल्यांकनका आधारहरु र कार्यक्रम कार्यन्वयन मापदण्ड यस कार्यालयको website:sdonawalpur.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ।उक्त सूचनाका साथ प्रस्तावको ढाँचा तथा मापदण्डहरु जिल्लाका सबै स्थानीय तहमा पठाइएको बेहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।
५.रीत नपुर्याई पेश भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन।थप आवश्यक जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ९८५७०४८७५९/९८५७०८९५५० मा सम्पर्क गर्न सक्नुहुनेछ।

(भुवन प्रसाद पौडेल)
कार्यालय प्रमुख